नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
रुकुमकोट, रुकुम (पूर्वी-भाग)
लुम्बिनी प्रदेश,

प्र.जि.अ-फोन नं. ०८८-४१३०६५
प्रशासन शाखा-फोन नं. ०८८-४१३०८३
नागरिकता शाखा-फोन नं. ०८८-४१३१३०
ईमेल: daorukumeast76@gmail.com

प.सं. ०८२/०८३(प्रशासन)
च.नं. ४६८

मिति: २०८२/०७/२४ गते
नेपाल संम्वत ११४६

श्री स्थानीय तहहरु सबै ,
रुकुम (पूर्वी भाग) ।

**विषय: जानकारी एवं आवश्यक कार्यार्थ ।**

प्रस्तुत विषयमा श्री गृह मन्त्रालय, (नागरिकता तथा राष्ट्रि परिचयपत्र व्यवस्थापन शाखा) प.स. ०८२/०८३ च.नं. २४९,२५४, मिति २०८२/०७/१३ गते पत्र प्राप्त भई अवगत भयो। सो सम्बन्धमा विस्तृत व्यहोरा पत्रबाट अवगत गरी आवश्यक कार्यार्थ पाना- ४ (चार) यसै पत्र साथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ।

प्रमुख जिल्ला अधिकारी
(सीता परियार)
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार

# गृह मन्त्रालय

(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

फोन नं. ०१-४२११२४५
इमेलः-nagarikta@moha.gov.np

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः- ८४२०७
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:- २४९

मितिः२०८२।०७।२३
ने.सं. ११४६

**विषयः विवरण फरक परेको व्यक्ति एकै भएको भनी प्रमाणित गर्ने सम्बन्धमा ।**

श्री कुमारी शाखा
उल्लेखित व्यहोराको पत्र सम्बन्धी गा.पा./वडा कार्यालयहरुमा पत्राचार गर्नु
२०८२।७।२४

**श्री जिल्ला प्रशासन कार्यालय, सबै ।**
**श्री इलाका प्रशासन कार्यालय, सबै ।**
**श्री सीमा प्रशासन कार्यालय, सबै ।**

प्रस्तुत विषयमा परराष्ट्र मन्त्रालयको च.नं. GA/IPA/२९४१ मिति २०८२।०६।२७ को पत्रबाट "नेपाली नागरिकहरुको नेपालस्थित सरकारी निकायहरुबाट जारी भएका कागजातहरु कन्सुलर विभागबाट प्रमाणीकरण हुँदै आएकोमा केही सेवाग्राहीको नागरिकतामा उल्लिखित विवरण र अन्य कागजातमा उल्लिखित विवरण फरक भए पनि नागरिकता र अन्य कागजातमा उल्लेख भएको व्यक्ति एकै भएको भनी सम्बन्धित स्थानीय तहको सिफारिस लिई सोझै विभागमा प्रमाणीकरणका लागि आउने गरेकोमा स्थानीय तहबाट जारी गरिएको सिफारिसको आधारमा मात्र नागरिकतामा फरक फरक विवरणलाई एउटै भनी प्रमाणीकरण गर्न नसकिने भएकाले वडा समितिको सिफारिसमा सक्कल कागजात लगायतका आधारमा जिल्ला प्रशासन कार्यालयबाट रुजु प्रमाणित भई आएको अवस्थामा विभागबाट प्रमाणिकरण गर्न सहज हुने भएकोले कुनै व्यक्तिको नाम तथा अन्य वैयक्तिक विवरणहरु फरक हुन गएको अवस्थामा स्थानीय प्रशासन ऐन, २०२८ र नेपाल नागरिकता नियमावली,२०६३ बमोजिम नागरिकताको प्रमाणपत्र जारी गर्ने निकाय जिल्ला प्रशासन कार्यालयहरुमा रहेको अभिलेख हेरी सम्बन्धित स्थानीय तहको सिफारिसमा उक्त व्यक्ति एउटै भएको व्यहोरा रुजु प्रमाणित गरी विभाग समक्ष प्रमाणीकरणको लागि पठाउने व्यवस्था हुन" भनी लेखि आएकोमा उक्त पत्र यसै साथ संलग्न छ । विस्तृत व्यहोरा संलग्न पत्रबाटै अवगत गरी सो पत्रमा उल्लेख भए बमोजिम गर्नु गराउनुहुन आदेशानुसार अनुरोध छ ।

०८२।६।२३
(अरुण राई)
शाखा अधिकृत

**बोधार्थः**
**श्री परराष्ट्र मन्त्रालय,**
**सिंहदरबार ।**

नेपाल सरकार
# परराष्ट्र मन्त्रालय
काठमाडौं, नेपाल

पत्र संख्याः २०८२/०३
च.नं. :- GA/IPA/२९४१

मितिः २०८२।०६।२७

विषयः विवरण फरक परेको सन्दर्भमा।

प्रिय सहकारीज्यू,

उपर्युक्त सम्बन्धमा नेपालबाट विदेश जाने प्रक्रियामा रहेका तथा हाल विदेशमा रहेका नेपाली नागरिकहरूको नेपालस्थित सरकारी निकायहरूबाट जारी भएका तथा सरकारी निकायमा अभिलेखमा रहेका कागजातहरू आवश्यक प्रक्रिया पूरा गरी कन्सुलर प्रमाणीकरण गर्ने कार्य नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०६४ बमोजिम यस मन्त्रालय अन्तर्गतको कन्सुलर सेवा विभागबाट हुदै आएको छ। विभागबाट प्रमाणीकरण नगरिएका कागजातहरूले विदेशमा कानूनी हैसियत र मान्यता प्राप्त नगर्ने हुनाले प्रमाणिकरणको कार्य ज्यादै महत्वपूर्ण र संवेदनशील रहेको छ।

यसै सिलसिलामा विभागमा कागजात प्रमाणीकरणको लागि आउने केहि सेवाग्राहीको नागरिकतामा उल्लिखित नाम, थर, वतन तथा अन्य वैयक्तिक विवरणहरु निज र निजका परिवारका अन्य सदस्यहरुको नागरिकता लगायतका अन्य कागजातमा उल्लिखित विवरण भन्दा फरक उल्लेख हुने गरेको अवस्था छ। यस्तो अवस्थामा सेवाग्राहीले सम्बन्धित व्यक्तिको नाम, थर तथा अन्य वैयक्तिक विवरणहरू फरक फरक भए पनि निज र निजका परिवारका सदस्यहरूको नागरिकतामा उल्लेख भएको व्यक्ति एकै भएको भनी सम्बन्धित स्थानीय तहको सिफारिस लिई सोझै विभागमा प्रमाणीकरणको लागि आउने गरेको देखिन्छ।

प्रमाणिकरणका लागि आउँदा कागजात जुन निकायबाट जारी गरिएको हो सोही निकायको सिफारिस सहित आउनु पर्ने व्यवस्था रहेको सन्दर्भमा नागरिकता जारी गर्ने निकाय जिल्ला प्रशासन कार्यालय भएकोले नागरिकतामा फरक परेका विवरणहरू सम्बन्धित जिल्ला प्रशासन कार्यालयको अभिलेखबाट रूजु प्रमाणित गरेर ल्याउन विभागबाट सेवाग्राहीहरूलाई अनुरोध गर्ने गरिएको छ। तर नागरिकता लगायतका जिल्ला प्रशासन कार्यालयबाट जारी हुने कागजातहरुको हकमा समेत स्थानीय तहको सिफारिस लिएर सेवाग्राही कागजात प्रमाणिकरणका लागि सीधै विभागसमक्ष आउने गरेको हुँदा प्रमाणिकरणको कार्य जटिल हुने गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३, दफा १२ को उपदफा (२) को खण्ड (ङ) मा सिफारिस तथा प्रमाणित गर्ने अधिकार वडा समितिमा रहेको तर स्थानीय तहमा नागरिकताको अभिलेख नरहने हुँदा स्थानीय तहबाट जारी गरिएको सिफारिसको आधारमा मात्र नागरिकतामा भएको फरक फरक विवरणलाई एउटै भनी प्रमाणीकरण गर्न नसकिने भएकाले वडा समितिको सिफारिसमा सक्कल कागजात लगायतका विवरण रहने जिल्ला प्रशासन कार्यालयबाट रुजु प्रमाणित भई आएको अवस्थामा विभागबाट प्रमाणीकरण गर्न सहज हुने हुन्छ।

अतः कुनै व्यक्तिको नाम तथा अन्य वैयक्तिक विवरणहरू निज र निजका परिवारका अन्य सदस्यको नागरिकतामा फरक हुन गएको अवस्थामा स्थानीय प्रशासन ऐन, २०२८ र नेपाल नागरिकता नियामावली, २०६३ बमोजिम नागरिकताको प्रमाणपत्र जारी गर्ने निकाय जिल्ला प्रशासन कार्यालयहरूमा रहेको अभिलेख हेरी सम्बन्धित स्थानीय तहको सिफारिसमा उक्त व्यक्ति एउटै भएको व्यहोरा रुजु प्रमाणित गरी विभाग समक्ष प्रमाणीकरणको लागि पठाउने व्यवस्था हुन जिल्ला प्रशासन कार्यालयहरुलाई आवश्यक निर्देशन गरिदिनु हुन अनुरोध गरेको छ।

(अमृतबहादुर राई)
सचिव

श्री रामेश्वर दंगाल
सचिव
गृह मन्त्रालय

श्री रविलाल पन्थ
सचिव
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

नेपाल सरकार
फोन नं. ०१-४२११२४५
इमेल:-nagarikta@moha.gov.np

# गृह मन्त्रालय

(नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा)

सिंहदरवार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- ८४२०७
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- २५४

मिति:२०८२।०७।२३
ने.सं. ११४६

विषयः आवश्यक कार्यार्थ।

**श्री जिल्ला प्रशासन कार्यालय, सबै ।**
**श्री इलाका प्रशासन कार्यालय, सबै ।**
**श्री सीमा प्रशासन कार्यालय, सबै ।**

प्रस्तुत विषयमा राष्ट्रिय दलित आयोग, अधिकार प्रवर्धन तथा सशक्तिकरण शाखाको च.नं. ७०, मिति २०८२/०६/२७ को पत्रानुसार दलित समुदायका सेवाग्राहीहरुको नागरिकता प्रमाणपत्रमा थर संशोधन गरी प्रतिलिपि माग गर्दा हाल प्रचलनमा रहेको अनुसूचीबाट सरल र सहज रुपमा थर संशोधन गरिदिनका लागि लेखी आएको पत्र पाना-१ (एक) यसै साथ संलग्न छ । विस्तृत व्यहोरा संलग्न पत्रबाटै अवगत गरी सो पत्रमा उल्लेख भए बमोजिम गर्नु गराउनुहुन आदेशानुसार अनुरोध छ ।

(अरुण राई)
शाखा अधिकृत

**बोधार्थ:**
श्री राष्ट्रिय दलित आयोग,
कुपण्डोल, ललितपुर ।

# राष्ट्रिय दलित आयोग

## National Dalit Commission

### (अधिकार प्रवर्धन तथा सशक्तीकरण शाखा)

प.सं.-२०८२/०८३
च.नं. ७०

मिति: २०८२/०६/२७

विषय: आवश्यक कार्यार्थ।

श्री गृह मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

प्रस्तुत विषयमा आयोगको मिति २०८२/०६/२६ गतेको बैठकबाट तपसिल बमोजिमको निर्णय भएकोले आवश्यक कार्यार्थ तहाँ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

तपसिल:

"दलित समुदायका सेवाग्राहीहरूले नागरिकता प्रमाणपत्रमा आफ्नो थर संशोधन गरी नागरिकता प्रतिलिपि प्राप्त गर्न जाँदा केही जिल्ला प्रशासन कार्यालयहरूबाट सेवाग्राहीहरूलाई आयोगको सिफारिस पत्र पेस गर्न माग गर्ने गरेको हुँदा गृह मन्त्रालयको च.नं.५३, मिति २०६३/०४/२२ गतेको परिपत्र बमोजिम हिनताबोध हुने थरको सट्टामा आयोगले निर्दिष्ट गरेका थरहरु राखी नागरिकता प्रमाणपत्र संशोधन गरी प्रतिलिपि दिन सक्ने व्यहोरा उल्लेख भएको साथै हाल प्रचलनमा रहेको विद्यमान दलित जातीय अनुसूची विवरणबाट दलित थर पहिचान/प्रमाणित प्राय सबै जिल्लाबाट निर्विवाद भइ रहेको तर कतिपय जिल्लाबाट यस आयोगको सिफारिस माग गर्दा सेवाग्राहीलाई सेवा प्राप्त गर्दा समय, खर्च बढी हुनुका साथै दुःख तथा हैरानी भइ रहेको हुँदा सम्पूर्ण जिल्ला प्रशासन कार्यालयहरूलाई सरल र सहज रूपमा हाल प्रचलनमा रहेको अनुसूचीबाट थर संशोधन कार्य गरिदिन परिपत्र हुन गृह मन्त्रालयसा लेखि पठाउने।"

संलग्न:

१. आयोगको च.नं.६९, मिति २०८२/०६/२३ को पत्र र संलग्न कागजातहरूको छायाप्रति पाना-३

(... गोपाले श्रेष्ठ)
शाखा अधिकृत

कुपण्डोल, ललितपुर, फोन नं.- ०१-५४३११४८, ०१-५४३३६५०
Kupondol, Lalitpur. E-mail: info@ndc.gov.np, web: www.ndc.gov.np